नेपाल सरकार

# शिक्षा मन्त्रालय

शिक्षा विभाग

भौतिक सेवा शाखा

सानोठिमी,भक्तपुर

बिद्यालय क्षेत्र सुधार कार्यक्रम ( SSR )

**विद्यालयको नाम :**

**ठेगाना :**

## विद्यालय भौतिक सुधार कार्यक्रम(SPIP)

## कवुलियतनामा

**आ.ब. : २०६८/६९**

## पृष्ठभुमि:

सवैका लागि शिक्षा कार्यक्रममा मुख्य कार्यक्रमहरु मध्य विद्यालयहरुको भौतिक सुधार (नयाँ कक्षाकोठा निर्माण,जिर्ण कक्षाकोठाहरु पुन:स्र्थपना,पिउने पानी,सौचालय र फर्निचरहरु) आदिको व्यवस्था गर्ने कार्यक्रम रहेको छ। उक्त कार्यक्रमलाई प्रभाबकारी रुपमा सञ्चालन गर्न तथा बार्षिक कार्यक्रमहरु तर्जुमा गर्नका लागि केन्द्रिय स्तरमा जिल्ला शिक्षा कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरिनेछ।

सवैका लगि शिक्षा कार्यक्रम लागु भएका जिल्लाहरुमा जनसहभागिता परिचालन गरि विद्यालय भौतिक सुधारका कार्यक्रमहरु सञ्चालन गर्न जिल्ला स्तरमा सब-ईन्जिनियरहरुको ब्यबस्था गरिएको छ।

## कार्य सञ्चालन विधि

१) कार्यक्रम लागू भएका जिल्लाहरुलाई निर्माण कार्यका लागि आबश्यक पर्ने ल.ई. नक्सा तथा स्पेसिफीकेसन जि.शि.का.बाट उपलबध हुने छ ।

२) जिल्ला ईन्जिनियर/सब- ईन्जिनियरले भौतिक सुविधा विस्तारका लागि छनौट भएका विद्यालयहरुलाई नयाँ निर्माण कार्य सञ्चालन सम्वन्धमा शिक्षा विभागको निति,कबुलियतनामा,नाप,नक्सा,निर्माण सामाग्रीहरु शिक्षा विभागको अनुदान रकम साथै विद्यालय निर्माणमा जनसहभागिता गर्ने बारे विद्यालय ब्यवस्थापन समिति/विद्यालय निर्माण समिति सदस्यलाई विस्तृत जानकारी गराउने छन्।कुनै पनि विद्यालयले नयाँ निर्माणको लागि छनौट भएको जानकारी सम्वन्धित जि.शि.का.बाट प्राप्त गर्ने छन् र जिल्लामा कार्यरत ईन्जिनियर/ सब- ईन्जिनियरबाट निर्माणको लागि आबश्यक पर्ने सामाग्रीहरु जस्तै : ढुंगा,बालुवा,गिट्टी आदि संकलन गरेको निरिक्षण गरी प्रतिवेदन अनुसार त्यसको जानकारी जिल्ला शिक्षा कार्यालयमा प्राप्त भएपछि मात्र जि.शि.का र विद्यालय विच सम्झौता गरिनेछ।

३) सम्झौता भएका विद्यालयलाई निर्माण कार्य शुरु भएको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा कार्यक्रमको तर्फबाट उपलब्ध गराईने सम्पूर्ण रकम विद्यालयको खातामा पठाईनेछ ।तर कुनै बिद्यालयले सम्झौता भएको १५ दिन भित्र कार्य शुरु नगरेमा त्यस्ता विद्यालयसँग सम्झौता रद्द गरी सो कार्यक्रम प्राथमिकतामा रहेका अन्य विद्यालयलाई उपलब्ध गराईने छ ।साथै कुनै विद्यालयले सम्झौता गरी पठाईएको रकम हिनामिना गरेको पाइएमा वि.ब्य.स.,प्र.अ. र संलग्न अन्य पदाधिकारीलाई प्रचलित नियम कानुन अनुसार कारवाही गरिने छ ।

४) विद्यालयको खातामा जम्मा भएको रकम विद्यालयले कार्य प्रगतिको आधारमा मात्र खर्च गर्न पाउनेछ। कार्य प्रगतिको आधारमा नापी किताब अनुसार (जनश्रमदानको रकम कट्टा गरी) जि.शि.का./एरिया अफिसरले प्राविधिकहरुको सिफारिसमा ४ किस्ता भन्दा बढी नहुने गरी किस्ता बन्दी रुपमा रकम निकाल्न विद्यालयलाई अनुमति दिईनेछ ।जि.शि.का./एरिया अफिसरको अनुमति बिना रकम खर्च गर्ने विद्यालयका प्र.अ./बि.ब्य.स.लाई नियमानुसार कारवाही गरिनेछ ।

५) विद्यालयमा संचालन हुने सम्पूर्ण निमार्ण कार्यको प्राविधिक रेखदेख गर्ने कार्य जि.शि.का.मा कार्यरत ईन्जिनियर/सब- ईन्जिनियरहरुको हुने छ ।

६) विद्यालयले सम्झौता अनुसार तोकिएको समयाबधि भित्र निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ ।यदि निर्माण कार्यको प्रगति नभएमा वा अधुरो रहेमा वा निर्माण कार्यमा छुट्टाईएको रकम अन्य कुनै प्रयोजनमा खर्च गरेमा जि.शि.का.ले त्यस्ता विद्यालयको सम्पूर्ण खाता रोक्का गरी तोकिएको कार्य सम्पन्न गरेपछि मात्र खाता फुकुवा गर्नु पर्ने छ ।यति गर्दा पनि कुनै विद्यालयले सम्पूर्ण निर्माण कार्य सम्पन्न नगरेमा निर्माण बापत विद्यालयको खातामा जम्मा गरिए बरावरको रकम विद्यालयले पाउने तलब तथा अन्य दिईने अनुदान रकमबाट कट्टा गरी असुल उपर गरिने छ ।

७) शिक्षा विभाग भौतिक सेवा शाखाबाट उपलब्ध नाप,नक्सा बमोजिम जि.शि.का.का प्राविधिकहरुले तयार गरेको ल.ई अनुसार निर्माण कार्य गर्नु पर्नेछ ।केन्द्रमा रहेको भौतिक सेवा शाखा तथा जिल्ला ईन्जिनियरको निर्देशन बिना शिक्षा विभागबाट उपलब्ध गराइएको नाप,नक्शा परिवर्तन गर्न सकिने छैन ।उपलब्ध गराईएको नाप,नक्शा अनुसार काम नगरेमा जिल्ला शिक्षा कार्यालयबाट अनुदान सहयोग राक्का गराईने छ।

८) विद्यालयमा निर्माण कार्यहरु सम्झौता अनुरुप सम्पन्न भईसकेपछि सब- ईन्जिनियरहरुले जि.शि.का.लाई सम्पन्न भएको प्रतिबेदन पेश गर्नु पर्नेछ र जि.शि.का.ले प्रतिबेदनको आधारमा विद्यालय निरिक्षण गरी फर-फारक गराउनु पर्ने छ

# कवुलियतिनामा

विद्यालय भौतिक सुधार सम्वन्धि कार्य गर्न शिक्षा विभाग,सबैका लागि शिक्षा कार्यक्रमको आर्थिक अनुदान सहयोग प्राप्तिका लागि कवुलियतनामा ।

| सि.नं | कार्यक्रमको विवरण | संख्या | एकाई | प्रति ईकाई ल.ई.रकम रु | प्रति कार्यक्रम जम्मा ल.ई. रकम रु | जनश्रमदानबाट ब्यहोर्नु पर्ने रकम रु. | कार्यक्रमको अनुदान सहयोग रु. |
|---|---|---|---|---|---|---|---|
| १ | नयाँ कक्षाकोठा निर्माण | | | | | | |
| २ | नयाँ कक्षाकोठाको लागि फर्निचर | | | | | | |
| | क) डेक्स<br>ख) बेन्च | | | | | | |
| ३ | विद्यालय/कक्षाकोठा पुन:र्स्थापना | | | | | | |
| ४ | विद्यालय वातावरण सूधार | | | | | | |
| | क) शौचालय | | | | | | |
| | ख) पिउने पानी | | | | | | |
| ५ | छात्रा शौचालय निर्माण | | | | | | |

श्री ............................................विद्यालयका वि.ब्य.स.का अध्यक्ष श्री ..................................
र सदस्य सचिब श्री ........................................को संयुक्त निवेदनमा जि.शि.का. प्यूठानले उपलब्ध गराएको नाप नक्सा बमोजिम प्यूठान जिल्ला ...................................गा.वि.स. वडा नं................. स्थित श्री ..........................विद्यालयमा माथि उल्लेखित कार्यहरु गर्न नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग,जिल्ला शिक्षा कार्यालय प्यूठान मार्फत भौतिक सुविधा बिस्तारका कार्यहरु गर्न उपलब्ध गराइएको आर्थिक अनुदान रकम रु. .................................अक्षरेपी रु. ...................................................................मात्र । प्राप्त गर्न र बाँकि नपुग रकम जनश्रमदान जुटाई विद्यालयमा भौतिक सुधार गर्न निम्न लिखित सर्तहरुको पालना गर्ने गरी जि.शि.का. र वि.ब्य.स./वि.नि.स.स. विच यो सम्झौता गरिदियौं ।

## शर्तहरु :

१)विद्यालय भौतिक सुधार अन्तरगत माथि उल्लेखित कार्यहरु मिति :२०६८/ /......देखि मिति २०६९/ /......सम्ममा तोकिएको अबधि भित्र शिक्षा विभागको निति निर्देशन अनुसार निर्माण कार्य सम्पन्न गराउने दायित्व वि.ब्य.स.को हुने छ ।
२)संझौता भएको मितिले ३ महिना भित्र वा चालु आ.ब.को आषाढ १५ गते भित्र नाप,नक्शा तथा ल.ई. बमोजिम सम्पूर्ण कार्यहरु सम्पन्न गर्नु पर्नेछ ।उक्त समयाबधि भित्र कुनै जायज कारण सहित कार्य सम्पन्न नभएमा वा सन्तोषजनक रुपमा कार्य गर्दागर्दै अचानक कुनै बाधा अड्चन आई तोकिएको कार्य समय भित्र सम्पन्न गर्न नसकेमा बार्षिक कार्यक्रममा कुनै बाधा नपर्ने गरी सम्वन्धित प्राविधिकको शिफारिसमा जि.शि.का.ले निर्माण कार्यको म्याद थप्न सक्नेछ ।
३)वि.ब्य.स.ले सम्झौताले गरेको १५ दिन भित्र पनि विद्यालय भौतिक सुधारको कार्य सञ्चालन नगरेमा प्राविधिकको प्रतिवेदनको आधारमा जि.शि.का.ले उक्त विद्यालयको कार्यक्रम अन्य कुनै विद्यालयलाई उपलब्ध गराउन सक्नेछ र त्यस्ता निर्माण कार्य गर्न नसक्ने विद्यालयलाई पुन:निर्माण कार्यका लागि कार्यक्रम उपलब्ध गराईने छैन ।
४)जि.शि.का.ल. विद्यालय भौतिक सुधारको लागि उपलब्ध गराएको रकम विद्यालयको प्र.अ.बाट हिनामिना भएमा निजको तलबबाट कट्टा गरी असुल उपर गरिनेछ ।विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष वा सदस्यहरुबाट त्यस्तो रकमको हिनामिना भएमा जि.शि.का.ले निजलाई पदबाट हटाई नियमानुसार असुल उपर गर्नेछ ।
५)जिल्लामा नयाँ निर्माणका कार्यहरु सञ्चालन गर्दा निर्माण सामाग्री खरिद,निर्माण सामाग्री ढुवानी र दक्ष श्रमिकको लागि ज्याला भुक्तानी गर्दा प्राविधिकको मुल्लाङ्कनको आधारमा निम्न अनुसार रकम भुक्तानी दिईनेछ ।

- जग खनी गारो लगाई डि.पि.सी. सम्मको कार्य सम्पन्न भएपछि कुल अनुदान रकमको बढीमा २०%
- लिन्टलसम्म (झ्याल,ढोकाको लेबल सम्म) गारो लगाउने कार्य सम्पन्न भएपछि कुल अनुदान रकमको बढीमा २०%
- ट्रस र जस्ता पाता लगाउने कार्य सम्पन्न भएपछि कुल अनुदान रकमको बढीमा ३० %
- झ्याल ढोका लगाउने रंगरोगन आदि सम्पूर्ण फिनिसिङको कार्य सम्पन्न भएपछि कुल अनुदान रकमको बढीमा ३०%

# संभौता गर्ने ब्यक्तिहरु

## जिल्ला शिक्षा कार्यालयको तर्फबाट

जि.शि.अ...............................

हस्ताक्षर .............................

सब-ईन्जिनियर ..........................

हस्ताक्षर ...........................

सब-ईन्जिनियर .........................

हस्ताक्षर ...............................

कार्यालयको छाप :.............

## विद्यालयको तर्फबाट

अध्यक्ष वि.ब्य.स.....................................

हस्ताक्षर ............................................

प्र.अ. ................................................

हस्ताक्षर ...........................................

संभौता भएको मिति :..........................

विद्यालयको छाप :.........................

खाता नं.:

## विद्यालय ब्यबस्थापन समितिका सदस्यहरुको नामावली

| सि.नं. | समितिका सदस्यहरुको नामावाली | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

## निर्माण समितिको नामावली

| सि.नं. | समितिका सदस्यहरुको नामावाली | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |